दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २११ | बुटवल | २०८१ साउन १३, गते आइतबार | नेपाल संवत ११४४ | Sunday July 28, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## ललितपुर र कैलालीका १० जनामा हैजा

लुम्बिनी संवाददाता
*बुटवल*

स्वास्थ्य सेवा विभागअन्तर्गतको इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)ले देशभर हालसम्म १० जनामा हैजा सङ्क्रमण पुष्टि भएको जनाएको छ। ललितपुरमा सात र कैलालीमा तीन जनामा हैजा पुष्टि भएको महाशाखाका निर्देशक डा.यदुचन्द्र घिमिरेले जानकारी दिए।

उनले हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्वपूर्ण रहेको बताए । हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति सङ्क्रामक झाडापखालासम्बन्धी रोग हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सङ्क्रामक रोग विशेषज्ञ डा.शेरबहादुर पुनका अनुसार हैजाका जीवाणु सङ्क्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ । हैजा सङ्क्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरु देखा पर्छन् । हैजा सङ्क्रमण भयो र उपचार पाएन भने केही घण्टामै सङ्क्रमितको मृत्यु पनि हुनसक्ने विज्ञ बताउँछन् ।

यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानी जस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ । कडा लक्षण देखिएमा आँखा गाडिने, मुख जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ । सबैभन्दा महत्वपूर्ण पाटो सफा र स्वच्छ पानी सेवन गर्नुपर्ने डा. पुन बताउँछन् ।

शौचालयको व्यवस्थापन कमजोर हुँदा हैजालगायत पानीजन्य रोगहरु फैलिन सक्छ । दिसामा रहेका जीवाणुहरु कुनै कारणले गर्दा बगेर फेरि खानेपानीमा आइपुगेर त्यो पानी पिएमा हैजा संक्रमण हुन्छ । कतिपय व्यापारीले प्रशोधन नै नगरी पानी बजारमा ल्याइदिँदा मानिसहरु बिरामी हुने भएकाले सम्बन्धित निकायले नियमित अनुगमनलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

हैजालगायत पानीजन्य रोगबाट बच्न उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी पिउने, खानेकुरालाई राम्ररी पकाएर खाने, खाना बनाउनु अघि र खाना खानु वा खुवाउनु अघि, दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहोर चलाएपछि, घर वा कार्यालय छिर्नु अघि, बाहिर सामान छोएपछि साबुन पानीले कम्तीमा २० सेकेन्डसम्म मिचिमिचि हात धुनुपर्ने विज्ञहरुको सुझाव छ।

बढ्यो मानव–वन्यजन्तु द्वन्द्व

# मान्छेमाथि वन्यजन्तुको आक्रमण : न उपचार न राहत !

दशरथ घिमिरे
*देउखुरी*

च्याउ टिप्न गएकी लमही नगरपालिका-६ देउपुर निवासी ४६ वर्षीया शहरी घर्तीको अनुहारमा भालुले हिर्कायो। उनी २०८१ असार २७ गते बिहानै घरबाट निस्किएकी थिइन। साथीहरुले बनाएको योजना पछ्याउँदै उनी जंगल छिरेकी थिइन।

भालुको पञ्जाले उनको अनुहारमा गहिरो चोट लाग्यो । आक्रोशित मुद्रामा आएको उक्त वन्यजन्तुसँग बच्न घर्तीले थप प्रयास नगरेको पनि होइन, तर त्यसले उनलाई थप पीडा दियो। भागदौड गर्ने क्रममा उनको दाहिने हात पनि भाँचियो ।

अनुहारको घाउ त जसोतसो निको होला । हात पनि जसो तसो जोडियला। तर मनमा लागेको घाउ कसरी निको होला। डर र त्रासले गर्दा उनी यो घटना सम्झिन पनि चाहँन्निन् ।

च्याउ टिप्न नपाउँदै भालुसँग उनको जम्काभेट भएको थियो । त्यति नै बेला घर्ती त्यसको आक्रमणमा परिन । घाइते उनलाई सशस्त्र प्रहरी बल ४१ नम्बर गण अर्जुनखोलाका प्रहरी नायव निरीक्षक प्रकाश ढकाल नेतृत्वको टोलीले उद्धार गरेर सबैभन्दा नजिकको लमही अस्पताल लग्यो । प्राथमिक उपचारपछि थप उपचारका लागि उनलाई बुटवल लगियो। भालुको आक्रमणबाट घाइते भएकी घर्ती उपचारमा अहिलेसम्म झण्डै सात लाख रुपैयाँ खर्च भइसकेको छ। अचल सम्पत्ति बेच्दा पनि उपचार गर्न पैसा नपुगेर ऋण लिनु परेको दूखेसो उनका श्रीमान नेत्रहादुर घर्तीको छ।

उपचार गर्दा गर्दै बेखर्ची भएका घर्तीका श्रीमान मागेर उपचार खर्च जुटाउने अवस्थामा पुगेका छन् । 'श्रीमती अस्पतालको बेडमा छटपटाइरहेको देख्न सक्दिन। उपचार गर्ने पैसा नभएपछि माग्न थालेको छु', शहरीका श्रीमान नेत्रहादुरले भने-'श्रीमती घाइते भएपछि म काममा पनि जान सकिनँ। ज्याला मजदुरीले घर खर्च चल्थ्यो । त्यो पनि ठप्प हुने अवस्था आयो ।' उपचार गर्न निकै कठिन भएकाले माग्नु पर्ने अवस्था आएको दूखेसो नेत्रहादुरको छ। 'धन सम्पत्ति हुन्थ्यो भने किन हात फैलाउनुपर्थ्यो र ? साँझ बिहान कसरी छाक जुटाउने भन्ने बेलामा अहिले उपचार खर्च जोहो गर्नुपरेको छ,' उनले भने-'नहुनु थियो, घटना भइहाल्यो। सिकिस्त श्रीमतीलाई छाडेर काममा पनि जान सक्दैन ।'

शहरी घर्तीका श्रीमान गाउँमै काठको फर्निचर उद्योगमा काम गर्दछन् । दैनिक ५/६ सय आम्दानी हुने गरेको थियो । अहिले त्यो पनि ठप्प भएपछि परिवारका सदस्यको बिचल्ली हुन थालेको छ । शहरीका चार छोरी छन् । जसमध्ये तीन छोरीको विवाह भइसकेको छ । एकजना छोरी पढ्दैछिन् । आमाको उपचार खर्च जुटाउन विद्यालयका शिक्षक र विद्यार्थीहरुसँग समेत रकम संकलन गरिएको छ । जंगली जनावरको आक्रमणमा परेर घाइते भएकाहरुको उपचारमा समस्या देखिएको छ। मानव बन्यजन्तुका घटना बढ्दै गए पनि यससँग जोडिएका विषयमा उपचार गर्ने


भालुको आक्रमणमा परेर घाइते शहरी घर्ती मगर। बुटवलस्थित चौराह अस्पतालमा उपचारार्थ ।

प्रबन्ध सजिलो छैन। शहरीको टाउको, अनुहार र हातको सल्यक्रिया गरिएको छ। अनुहारको दाहिने भागमा टाँका लगाइएको छ। टाउकोमा छाला थिएन। साप्राको छाला काटेर टाउकोमा हालिएको छ । दाहिने हाँत भाँचिएकाले सल्यक्रिया गरेर पलास्टर गरिएको छ।

२०८१ असार २४ गते यस्तै अर्को घटना भयो । स्थानीय तीन जना महिला तुलसीपुर उप-महानगरपालिका वडा नं. ९ स्थित नवदुर्गा सामुदायिक वनमा च्याउ टिप्न गएका थिए। तीनै जना महिलालाई बाघले आक्रमण गऱ्यो। तुलसीपुर-९ बेलुवाका ४५ वर्षीया कमला केसी, ५३ वर्षीया सीताकुमारी भण्डारी र १८ वर्षीया सरिता भण्डारी बाघको आक्रमणमा परेर घाइते भए। तीनैजनाको उपचार राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा गरियो।

यसैगरी लमही नगरपालिका-८ खोलिगाउँ निवासी बेलमती चौधरी र चितुवाबीचको भिडन्त कम डरलाग्दो थिएन् । २०७८ माघ १० गते उनी बाख्रा चराउन जंगलमा गएकी थिइन । बेलमतीको जम्काभेट चितुवासँग भयो। आक्रोशित चितुवा कराएको आवाज बेलाबेलामा अहिले पनि कानमा गुञ्जिरहने बताउँछिन्, बेलमती ।

त्यो चितुवाले उनलाई अनुहार, टाउको र पिठ्युमा आक्रमण गरेको थियो। तीन ठाउँमै गहिरो घाउ लागेको थियो। चितुवाले पनि पञ्जाले नै बेलमतीको अनुहार र टाउकोमा आक्रमण गरेको थियो । 'त्यसले तीन ठाउँमा हानेपछि मेरो त आँखा बन्द भयो ।' उनले भनिन् । उपचार गर्न अस्पताल पुऱ्याएपछि मात्रै उनको होस आयो । घर परिवारका सदस्य र गाउँलेले अस्पतालसम्म उपचार गर्न पुऱ्याए। एम्बलुलेन्समार्फत् अस्पतालसम्म लगियो।

» *बाँकी ३ पेजमा*

## पौडी खेल्न गएका दुई बालकको मृत्यु



बुटवल। बुटवलको तिनाउ नदीमा पौडी खेल्न गएका दुई बालकको मृत्यु भएको छ।

बुटवल उप-महानगरपालिका-११ श्रृजनानगरमा आफन्तकोमा आएका २ बालक नदीमा पौडी खेल्ने क्रममा शुक्रबार बगेका थिए। पौडी खेल्ने क्रममा डुबेर बाग्लुङ बरेङका १२ वर्षीय विवश खत्री र सैनामैना नगरपालिकाका ८ वर्षीय विप्रन पाण्डेको मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक विजयराज पण्डितका अनुसार खत्रीको शव शुक्रबार साँझ नै फेला परेको हो भने डुबेर बेपत्ता भएका पाण्डेका शव शनिबार दिउँसो फेला परेको हो । दुबै बालक सानी आमाको घर बुटवल सिर्जनानगर आएका थिए।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार दुवै बालक दिदी बहिनीका छोराहरु हुन् । पौडी खेल्न गएका ३ जनामध्ये दुई जनालाई नदीले बगाएको देखेपछि सँगै गएका अर्का बालकले आफन्तलाई खबर गरेका थिए।

तिनाउ नदीमा पौडी खेल्ने क्रममा यसअघि पनि धेरैको ज्यान गएको छ । तर यसरी हुने मानवीय क्षतिलाई रोक्न स्थानीय पालिकाहरुले कुनै भूमिका खेलेको नदेखिएको नागरिक समाजको गुनासो छ।

## ७० वर्षीय ज्ञवालीको कृषि कर्म: कमाउँछन् मासिक ५० हजार



प्रेम सुनार
*गुल्मी*

गुल्मीका एक दम्पत्तिले वर्षौंसम्म बाँझो रहेको जमिनमा माछा पालनबाट खर्च कटाएरै मासिक कम्तीमा ५० हजार कमाउँदै आएका छन् । गुल्मी रुरुक्षेत्र गाउँपालिका ५, बम्घा पाँगाका ७० वर्षीय कृष्णप्रसाद ज्ञवाली दम्पत्तीले माछा पालनलगायतका अन्य कृषि उत्पादनबाट राम्रो कमाइ गरेपछि उनीहरु धेरैका लागि प्रेरणा बनेका छन् । त्यस क्षेत्रकै सबैभन्दा ठूलो माछा पालन केन्द्र रहेको र हरेक प्रकारका माछा उत्पादनका लागि पालिकाकै उदाहरणीय कृषक ज्ञवालीको ठूला १३ वटा माछा पोखरी रहेका छन् । करिव डेढ दशक अघिसम्म उनको २८ रोपनी क्षेत्रफलको खेतमा धान, मकै मात्रै फल्थ्यो । बिचको समयमा त्यही खेत पनि बाँझो जमिनमा परिणत हुँदै गयो।

जब उनले सरकारी शिक्षकको जागिरबाट अवकास लिए त्यसपछि माछा पालन सम्बन्धमा विभिन्न विज्ञहरुबाट अध्ययन सुरु गरे। त्यसपछि बाँझो जमिनमा पोखरी खनेर सुरु भयो माछा पालन। माछापालनसँगै लिची, आँप, केरा, सुन्तला कागती र घाँस खेतीसहित उनको उक्त जमिन हराभरा र आम्दानी नै आम्दानीको राम्रो श्रोत बन्न पुगेको छ।

दुई छोराहरुमध्ये एक छोरा सरकारी जागिरे छन् भने अर्को छोरा गत २२ वर्षदेखि विदेशमा छन् । 'परम्परागत खेती हामी बुढाबुढीले मात्रै गर्न सक्ने अवस्था नरहेपछि बाँझिएर बसेको थियो, म जागिरबाट अवकास पाएपछि माछा पालक विज्ञहरुसँग बुझेर एउटा पोखरीबाट माछा पाल्न सुरु गरेको हुँ,' उनले भने -'एउटा पोखरीको माछा पालन सफल भएपछि बढाउँदै लैजाँदा अहिले १३ वटा पोखरीमा माछा छन् ।' सुरुमा सिँचाइको समस्या भए पनि पछि कृषि ज्ञान केन्द्रले समाधान गरिदिएको उनले बताए। अहिले एकदेखि अर्को पोखरीमा पुग्ने सिँचाइको नहर बनेको छ ।

वर्षमा १० लाखसम्म कारोबार हुने भन्दै उनले खर्च कटाएरै महिनामा कम्तीमा ५० हजार आम्दानी हुने गरेको उनी बताउँछन् । 'युवा जति विदेश जान थाले, गाउँमा बस्न छाडे । जसका कारण गाउँका थुप्रैका खेतीयोग्य जमिन बाँझिएका छन् । अब सरकारले विदेश जान रोकेर आफ्नै देशमा कृषि कर्ममा लगाउनुपर्छ ।'-उनले सुझाव दिए।

उनलाई कृषि ज्ञान केन्द्रका अलावा रुरु गाउँपालिकाले पनि विभिन्न कार्यक्रम दिएर प्रोत्साहित गरिरहेको छ । ज्ञवालीको झैँ व्यवसायिक कृषि उत्पादन र विभिन्न सीपमूलक तालिम प्रदान गरी आम कृषकहरुको जीवनस्तर उकास्ने गरी नीति तथा कार्यक्रम अगाडि सारिएको त्यस गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले बताए ।



## सम्पादकीय

# उदार मौद्रिक नीतिले जगाएको आशा

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरु, सेयरबजारका लगानीकर्ता, व्यवसायी तथा निर्माण व्यवसायीलाई सहजीकरण गर्ने गरी ल्याएको मौद्रिक नीतिले निजी क्षेत्र उत्साहित भएको छ। राष्ट्र बैंकले ल्याएको उदार मौद्रिक नीतिले बजारलाई चलायमान बनाउने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०८०/०८१ को ११ महिनाको वित्तीय अवस्थालाई आधार मान्दै राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले खुकुलो नीति लिएका हुन् । यसअघि कर्जा प्रवाह अधिक भएको कोभिड सकिएलगत्तै मौद्रिक नीतिबाट कर्जा प्रवाहसँगै आयातलाई पनि कस्ने नीति लिएको केन्द्रीय बैंकले त्यसयता विस्तारै लचिलो नीति लिँदै आएको थियो । चालु आवको जेठ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको अधिक तरलता, कर्जा प्रवाहमा देखिएको सुस्तता, बैंक तथा वित्तीय संस्थाहरुको खराब कर्जा तथा निष्क्रिय कर्जाको बढ्दो रेसियो तथा पुँजीकोषको दबाबमा परेका बैंकहरुलाई सहजीकरण गर्न राष्ट्र बैंकले चालेको कदम सकारात्मक छ। भुक्तानी रोकिएर धमाधम कालोसूचीमा पर्नथालेका निर्माण व्यवसायीलाई पनि मौद्रिक नीतिले थप राहत दिएको छ । मौद्रिक नीतिमार्फत् गभर्नर अधिकारीले निर्माण व्यवसायीहरूलाई प्रवाह भएको कर्जाको सावाँव्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म पुऱ्याएका छन् । कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्म चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश गर्न नपाउने व्यवस्था गरेका छन् । अधिकांश निर्माण व्यवसायीहरुले भुक्तानी नपाउँदा काम अगाडि बढाउन नसकेको तथा चेक बाउन्सले बैंकिङ कारोबार रोकिँदा उद्योग नै सञ्चालन गर्न नसकेको गुनासो गर्दै आएका बेला उनीहरुको समस्या समाधानको पहल हुनु सकारात्मक छ।

आर्थिक स्थायित्वलाई जोड दिँदै बजेटसँग मेल खाने गरी मौद्रिक नीति आउनु सकारात्मक छ। पुँजीकोष दबाबका कारण कर्जा प्रवाहदेखि लाभांश वितरणसम्म गर्न नसकेका बैंकहरुलाई चालू आवको मौद्रिक नीतिले राहत मिल्ने देखिएको छ। राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् तीन तहमा पुँजीकोषको दबाबलाई खुकुलो बनाएको छ। यसअन्तर्गत असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्था घटाएर १.१० प्रतिशत मात्रै रकम छुट्याउन सकिने व्यवस्था गरेको हो।

ड्राफ्ट र टीटीको माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमालाई बढाएर ३५ हजारबाट ५० हजार अमेरिकी डलर पुऱ्याइएको र 'डकुमेन्ट अगेन्स्ट पेमेन्ट'बाट गरिने आयातको सीमा पनि ६० हजारबाट १ लाख रुपैयाँ अमेरिकी डलर पुऱ्याइएकोले आयातमा सहजीकरण भएको छ। मौद्रिक नीति मात्रै सबै होइन्, समग्रमा बजारमा विश्वास बढ्न सकेको छैन । ऋण लिएपछि बैंकले छिटो-छिटो व्याज बढाएकाले व्यवसायीको बैंकप्रतिको विश्वास टुटेको छ। यो टुटेको विश्वास जोड्ने काम राष्ट्र बैंकले जोड्दै लगानीकर्ताको मनोबल उकास्ने र आत्मबल बढाउन सरकार र राष्ट्रबैंक निरन्तर मिलेर बढ्नुपर्छ।

# ग्रामीण पर्यटन विकासको मुख्य मोडेल

**डा. बिपी बडाल**




पर्यटकले स्थानीय गाउँको परम्परागत जीवनशैली, वेशभूषा, नृत्य, सङ्गीत र अन्य सांस्कृतिक कार्यक्रमको अनुभव गर्छन् । स्थानीय खानपान, हस्तकला र परम्परागत उत्पादनको प्रदर्शनी र बिक्री पनि ग्रामीण पर्यटनको हिस्सा बन्छ । त्यसैले ग्रामीण पर्यटनको विकास नै अबको विकासको मुख्य मोडेल हो ।

पर्यटन भनेको आदर्श जीवनशैली हो । हाँसखेल, नाचगान, घुमफिर र खानपिन हो । जीवनको उद्देश्य नै जीवन्त-मस्ती हो । यो जीवन किन ? हिजो जन्मियो, आज हुर्कियो, भोलि मरिन्छ पक्का छ। जीवनका तीन वटै पाटाका लक्ष्य सधैँ एउटै हो - खुसी। खुसी अर्थात् शान्ति अर्थात् आनन्द नै यो मानव जीवनको प्रमुख लक्ष्य हो। के सधैँ खुसी मिल्छ त ?

पर्यटन व्यवसायमा लाग्नु पर्छ, पाहुनाको खुसीका लागि पनि सधैँ खुसी हुनु पर्छ। यस्तै खुसी खुसीमै जीवनको डुङ्गा पार लाग्छ । यदाकदा हुने श्रीमान-श्रीमतीबिचको सामान्य घोचपेच पनि देखाउनैका लागि भए पनि मिलाउनै पर्छ - रिसाउनै मिल्दैन। यसको अर्थ प्रेम नै हो; प्रेमले नै त प्रेम बढ्ने हो। पाहुना आउँदा मिठोमसिनो खुवाउनु नै पऱ्यो, घर सफा राख्नै पर्यो । यसो गर्दा आफैँले मिठो खाइन्छ, आफ्नै घर सफा हुन्छ। प्रेमले, सफा घरमा, मिठो खाएर, नाचगान भजनकृतन गरेर जीवन बिताउनु नै त जीवन हो । पर्यटकको रुचि पनि त यही खुसी हो । हाम्रो यही आदर्श ग्रामीण जीवनपद्धति नै नेपालको ग्रामीण पर्यटन वस्तु हो । यो आदर्श जीवनशैलीको व्यावसायिक प्रयोजन तथा उपादेयता नै पर्यटन हो। त्यसैले पर्यटन भनेको हाम्रो आदर्श जीवनशैली हो।

**जीवनशैली र पर्यटन**

के मस्त पर्यटकीय जीवनशैलीले जीवन चल्छ त ? काम गर्नु पर्दैन ? पर्छ। कसैले हात मात्रै हल्लाउँदा पनि कति राम्रो नृत्य देखिन्छ, कसैले मरी मरी, बाँदर उफ्रे झैँ उफ्री उफ्री नाचे पनि राम्रो देखिँदैन। नाच्न जान्दैन आँगन टेढो। ताल मिलाएर हात हल्लाए पुग्छ - काम हुन्छ। जीवनलाई प्रकृति र संस्कृतिसँग ठ्याक्कै मिलाउने प्रयत्न गर्नु पर्छ। पञ्चैबाजा बजाएर बेठी लगाएर रोपाइँ गर्नु पर्छ। गाईको पूजा गर्न गाई पाल्नु पर्छ। खेती रोप्न उभौली, खेती भित्राउन उधौली मनाउनु पर्छ। भूत प्रेत हटाएर सुख शान्ति फैल्याउन शंख घण्ट बजाएर पूजा आरती गर्नुपर्छ। फेरि लगाउने लामालाई पाथी दान गर्नु पर्छ। मस्तसँग सबै चाडपर्व मनाउँदै, रमाउँदै उत्साहपूर्ण तरिकाले खेतीपाती उद्योग व्यवसाय गर्नु पर्छ। दुःखले होइन, सुखले, खुसीले, प्रेम र भक्तिले ऐतिहासिक, सांस्कृतिक तथा आधुनिक दुवै ज्ञान लिएर कर्म गर्नु पर्छ। संस्कृति, अध्यात्म, रीतिरिवाज र विज्ञानको अनुसरण गर्नु पर्छ। यो हाम्रो जीवनशैली विश्वका लागि अनौठो नमूना हुन्छ। यही नमूना हाम्रो ग्रामीण पर्यटकीय वस्तु हो । यही हेर्न हाम्रा बिदेसिएका युवा फर्किने छन् । विदेशीहरू हाम्रो अनौठो मस्त जीवनशैली हेर्न, सिक्न र रमाउन आउने छन्। त्यसैले हाम्रो जीवनशैली - ज्ञान, कर्म र भक्तिले उत्कृष्ट सुखदायी पर्यटनमैत्री हुनु पर्छ।

**कृषिले जीवनशैली परिवर्तन** हुन्छ ?

सन् १९९० को कृषि प्रणाली तथा अनुदानमा आधारित कृषि प्रशासनले किसानको जीवनमा परिवर्तन ल्याउन सकेन। यही प्रक्रिया र परिस्थितिले किसान सधैँ निराश हुन बाध्य छन्। विषादीयुक्त फलफूल तथा तरकारीको आयात रोक्न सकेका छैनौँ । उपभोक्ता विषादीयुक्त फलफूल तरकारी खान बाध्य छन् भने नेपाली किसान बजार नपाएर आफ्नो उत्पादन सडकमा फाल्न बाध्य छन्। नेपाल विश्वव्यापीकरण तथा विश्व व्यापार सङ्गठनको सदस्य भएकाले कुनै पनि देशको आयात रोक्न सकिँदैन । निर्बाध रूपमा सबै आउने छन्। त्यसैले चिनियाँ तथा भारतीय उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्ने सम्भावना नै छैन। त्यसैले सरकारले कृषिमा जतिसुकै लगानी गरे पनि बालुवामा पानी हाले झैँ आजसम्म किसानको जीवनस्तरमा कुनै गतिलो परिवर्तन हुन सकेको छैन। कृषिमा त एउटा मल कारखानासम्म हाम्रो छैन भने भारतले कुनै हालतमा पनि उसको आफ्नो नेपाल बजार खस्किन दिने छैन। त्यसैले यो समय नेपालको उद्योग तथा कृषिको 'पाराडाइम सिफ्ट' गर्ने समय हो।

ग्रामीण पर्यटनले ग्रामीण क्षेत्रका जनताको जीवनस्तर सुधार्न मद्दत गर्छ। पर्यटनको विकासले शिक्षा, स्वास्थ्य, र अन्य सामाजिक सेवामा पनि बिस्तारै सुधार हुन्छ । यसले स्थानीय जनता र अन्तर्राष्ट्रिय समुदायबिचको सम्बन्धलाई बलियो बनाउँछ। यस्तै ग्रामीण पर्यटनले पर्यावरणीय सचेतनाको प्रवर्द्धन गर्छ। स्थानीय समुदाय र पर्यटकहरू दिगो पर्यावरणीय अभ्यासहरू अपनाउन प्रेरित हुन्छन् । जैविक विविधताको संरक्षणमा सहयोग पुग्छ। पर्यटकहरू स्थानीय गाउँलेको दैनिकी, खेतीपाती, पशुपालन र अन्य आर्थिक गतिविधिमा सहभागी हुन्छन् । होमस्टेमा बसेर पर्यटकले गाउँलेको जीवनशैलीलाई नजिकबाट अनुभव गर्छन् । पर्यटकले गाउँका सुन्दर हिमाल, हरियाली जङ्गल, नदीनाला, र जलाशयहरूको अवलोकन गर्छन् । ट्रेकिङ, हाइकिङ, क्याम्पिङ र फोटोग्राफी जस्ता गतिविधि गर्छन्। पर्यटकले स्थानीय गाउँको परम्परागत जीवनशैली, वेशभूषा, नृत्य, सङ्गीत र अन्य सांस्कृतिक कार्यक्रमको अनुभव गर्छन् । स्थानीय खानपान, हस्तकला र परम्परागत उत्पादनको प्रदर्शनी र बिक्री पनि ग्रामीण पर्यटनको हिस्सा बन्छ । त्यसैले ग्रामीण पर्यटनको विकास नै अबको विकासको मुख्य मोडेल हो।

**ग्रामीण पर्यटनको पहिचान**

नेपालका लगभग ८० प्रतिशत घरबाट हिमाल देखिन्छ। त्यस्तै लगभग ८० प्रतिशत घरमा शंख, घण्ट, डमरु बजाएर पूजापाठ आरती हुन्छ। ६० प्रतिशत जनता किसान छन्। किसानको घरमा किसानी संस्कृति हुन्छ। मकै छोडाउने, बिस्कुन सुकाउने, गुन्द्रुक हाल्ने, पशुपालन गर्ने, भकारीमा भण्डारण गर्ने, गाई दुहुने, दुध तताउने, मोही पार्ने, मूल कृषि उत्पादनका साथै करेसाबारीमा फूल तरकारी रोप्ने आफ्नै अद्वितीय परम्परा छ। त्यस्तै बेलुका रोदी बस्ने, दोहोरी गाउने, भजन कीर्तन गर्ने, रामायण महाभारतको श्लोक भन्ने, नाचगान गर्ने खानपिन गर्ने, जात्रा चाडपर्व मनाउने अत्यन्तै समृद्ध कृषिमैत्री संस्कृति छ। नेपाली संस्कृतिको संरक्षण नै नेपालीको पहिचानको संरक्षण हो । नेपालको पहिचान नै नेपाली राष्ट्रियता हो । यही पहिचानको पर्यटकीयकरण नै ग्रामीण पर्यटन हो। कृषिलाई अर्गानिक बनाउनेतर्फ सोच्नु पर्छ। स्वस्थ अर्गानिक खाना खान भारतीय तथा चिनियाँ पर्यटकलाई कूटनीतिक र रणनीतिक पद्धतिले निम्ता गर्नु पर्छ।

आफ्नै घरमा पालेको लोकल कुखुरा आफ्नै घरमा आएका पाहुनालाई डलरमा बेच्ने कृषि पर्यटन प्रणालीको विकास नै कृषिको 'पाराडाइम सिफ्ट' हो । यो नै ग्रामीण पर्यटनको विकासको सुरुवाती आधार हो। यस्तै अर्कोतर्फ नेपाली उद्योग व्यवसायले विश्वबजारमा प्रवेश नै गर्न सक्दैन। त्यसैले मेसिनले होइन हातले निर्माण गर्ने सामान उत्पादन गर्ने र सुभेनियर अर्थात् कोसेलीका रूपमा तिनै पर्यटकलाई आफ्नै घरआँगनमा बिक्री वितरण गर्नु नै उद्योगको 'पाराडाइम सिफ्ट' हो । केवल आफ्नो पुरानो रैथाने-स्थानीय कृषि तथा उद्योग अथवा व्यवसायलाई वैज्ञानिक रूपले हेर्नलायक भव्य नमूना बनाउने, अर्थात् आफ्नो व्यवसायको भव्य पर्यटकीय उत्तरआधुनिकीकरण नै ग्रामीण पर्यटन हो । वास्तवमा यही भव्य परिवर्तन नै कृषि र उद्योगको 'पाराडाइम सिफ्ट' हो।

'पर्यटकीय देश नेपाल, हरेक घर अतिथि घर' भनेर एउटा राष्ट्रिय आह्वान गरिदिए पुग्छ। जनता आफैँले घर सिँगार्न थाल्ने छन्। चौतारी, पाटी, पौवा, धारा, कुवा तथा इनार सफा हुन थाल्ने छन् । विदेशमा पुगेका सबै नेपाली नेपालका स्वघोषित दूत हुने छन् । नेपालको होटेल तथा पर्यटन उद्योग लगभग २५ लाख पर्यटकलाई व्यवस्थापन गर्न अहिले नै सक्षम छ। हजारौँ होमस्टे पर्यटकको बाटो हेरेर बसेका छन्। केवल निम्ता गरिदिए पुग्छ।

**सम्भावना**

लुम्बिनी, पशुपतिनाथ र सगरमाथा भएको देश नेपाल हो। विविध जातजातिका भाषा, संस्कृति, रीतिरिवाज, चाडपर्व समेट्दा नेपालमा ३६५ दिन नै कुनै न कुनै चाडपर्व परेको हुन्छ। त्यसैले भव्यसँग चाड मनाउनु पर्छ। अनि आएका पर्यटक सधैँ मक्ख पर्छन्। सबै नेपालीको घरमा थप एउटा पाहुना कोठा, भान्छा, पूजाकोठा र सफा बाथरुम हुनु पर्छ। घरसँगै सुधारिएको गोठमा पशुपालन गरिएको हुनु पर्छ। यति गरियो भने नेपालका सबै घरलाई होमस्टे बनाउन सकिन्छ। भारतको जनसंख्या लगभग १.२४८ अर्ब, चीनको जनसंख्या लगभग १.४२५ अर्ब गरेर २.६७३ अर्ब रहेको छ। यसको एक प्रतिशत भनेको लगभग दुई करोड ८० लाख हुन्छ। नेपालका लगभग ६० लाख घरमा व्यवस्थापन गर्दा प्रतिघर चार पर्यटक राख्न सकिन्छ। बिनालगानीका मानौँ ५० लाख घरमा दैनिक चार जना पर्यटक राख्न सकियो भने नेपाली अर्गानिक उत्पादनको बजार खोज्न जानु पर्दैन। यहीँ दिगो बजार स्थापित हुन्छ। भारत, चीनलाई प्रतिस्पर्धा होइन, प्रेम गरे पुग्छ। अतिथि देवो भवः भनेर अतिथिको राम्रो गास, बास र मनोरञ्जनको व्यवस्था गरे पुग्छ। आएका पर्यटकसँगै आफ्नो जीवन रमाइलोसँग व्यतीत गरे पुग्छ। आफ्नै बारीमा फलेको अर्गानिक शुद्ध खाना खाएर, आफ्नो रमाइलो साँस्कृतिक जीवन बिताए पुग्छ। बस मस्त खुसी भए पुग्छ। जम्मा ३५ लाख जनसंख्या भएको दुबईको १५/२० वर्षअघि यहाँको मरुभूमिमा केही थिएन तर अहिले एक करोड ७० लाख पर्यटक प्रतिवर्ष आउने गर्छन्। जनसंख्याभन्दा पाँच गुणा पर्यटक यहाँ आउँछन्।

**निष्कर्ष**

नेपाल र नेपालीले आफ्नो संस्कृति र सभ्यता बचाउनु अनिवार्य छ । आधुनिकताका नाममा र विकृत पुँजीवादले अकुत धन कमाउने लोभ बढेको छ । विदेशी शिक्षा, दर्शन तथा सिद्धान्तको अतिक्रमणले हामीले हाम्रो पहिचान बिर्सिंदै गएका छौँ। त्यसैले विश्वव्यापीकरणको तरङ्गमा वैज्ञानिक रूपले नेपाललाई सक्षम राख्न अब उत्तरआधुनिक बाटो पहिल्याउन ढिलो गर्नु हुँदैन । हरेक पालिकाले आफ्नो स्थानीय जनता र स्थानीय उत्पादनलाई पर्यटनमा जोड्नु पर्छ । यति राम्रो भव्य देशमा हामीले पद्धति बसाउन सकेनौँ । आफ्नो मौलिक ज्ञान चिन्न सकेनौँ । बुद्ध जन्मेको देशमा आफ्नै पहिचानलाई माया गरौँ। आएका पाहुनालाई प्रेम गरौँ। यही जीवन पद्धति नै ग्रामीण पर्यटन हो। यही मार्गको निर्माण नै ग्रामीण पर्यटनको विकास हो। गाउँलाई सबै सुविधा सम्पन्न नमूना गाउँको निर्माण गर्नु नै ग्रामीण पर्यटनको विकास हो। गोपबाट

# अटिजम भएको कतिबेला शंका गर्ने ?

**भोजराज पोखेल**



अटिजम भन्नाले मस्तिष्कको असाधारण अवस्था हो । यो एक किसिमको जन्मजात हुने समस्या हो। अटिजम भएका बालबालिकाको शारीरिक अवस्था सामान्य भएता पनि सामाजिक सीप, सञ्चारसम्बन्धी सीप र सिकाइको क्षमता कम हुन्छ। संक्षेपमा भन्नुपर्दा अटिजम भन्नाले बालबालिकाको मस्तिष्क विकासको क्रममा आउने समस्या हो।

अटिजम स्नायु तथा नशाका विकासमा आउने ह्रासले उत्पन्न हुने समस्या हो। यो जन्म जात नशा र तन्तुको विकासका क्रममा आएको असमानताको एउटा रुप हो। अटिजमलाई न्यूरो डेभलपमेन्ट डिसअर्डर वा अटिजम स्पेक्ट्रम डिसअर्डर पनि भनिन्छ। विश्व स्वास्थ्य संगठनले गरेको अनुसंधानको आधारमा १०० जना बालबालिकामा १ जनामा अटिजम हुन्छ भने सिडिसीको २०२२ को रिर्पोट अनुसार ३६ जना बच्चामा १ जनामा अटिजम हुन्छ भनेका छन् । साथै ४ जना पुरुषलाई हुँदा १ जना महिलालाई ४.१ को रेसियोमा देखिन्छ। हाल नेपालमा २ लाख ५० हजार देखि ३ लाख बालबालिकामा अटिजम छ भने नयाँ केशहरु २०२२ को तथ्याङले ३६५ जना बालबालिकामा अटिजम निदान भएको छ भन्ने तथ्याङ्क रहेको छ।

**अटिजम हुनुको कारण**

यस विषयमा भए गरेका विभिन्न अध्ययन अनुसन्धानहरुले यसको वास्तविक कारण यही नै हो भनेर किटानीका साथ भन्न सकेको अवस्था छैन। अटिजमलाई मुलतः वंशाणुगत गुणको प्रभावले हुन्छ भन्ने गरिन्छ भने यसका आन्तरिक र अन्य कारणहरुमा दम्पतिहरुले ३५ वर्ष भन्दा माथिको उमेरमा बच्चा जन्माएमा,२६ हप्ता भन्दा कम समयमा बच्चा जन्मिएमा, कम तौल भएका बच्चा जन्मिएमा, नवजात अवस्थाको बच्चामा विभिन्न प्रकारका रोगको संक्रमण भएमा, एउटा बच्चा र अर्को बच्चाबीचको जन्मान्तर कम भएमा पनि बच्चामा अटिजम हुन सक्दछ।

**अटिजमको सामान्य लक्षण तथा चिन्हहरु**

बच्चा एक्लै खेल्न मन पराउने, एक अर्कामा आँखा जुधाउन नसक्नु , अस्वभाविकरुपले हाँस्ने वा कराउने , उमेर अनुसार बोलि नफुट्ने , आफ्ना समान उमेरका साथीहरुसँग घुलमिल हुन मन नपराउने । घाउ चोटपटक लाग्दा दुखाई महसुस नहुनु, सामान्य दुखाई हुँदा चिच्याएर रुने कराउने गर्नु। साङकेतिक भाषाको प्रयोग गर्न नसक्नु उमेर अनुसार बौद्धिक क्षमता उत्कृष्ट नहुनु ठुलो आवाज सुन्दा कान थुन्ने झर्को लागेको जस्तो ब्याबहार देखाउने, एउटै मात्र खेलौना खेलिरहनु, सामान्य शिक्षण विधिबाट पठन पाठन गर्न नसक्नु , केही कुरा कम हुँदा बढी भएको महसुस र बढी हुँदा कम भएको महसुस गरेको व्यवहार प्रकट गर्ने जस्ता लक्षणहरु देखा पर्दछन्।

**अटिजम भएको वा नभएको कतिबेला शंका गर्ने**

अटिजम मस्तिस्कको बनावटमा हुने असन्तुलनका कारण उत्पन्न हुने जन्मजात समस्या हो। बालबालिकाले जन्मपछि २ वर्षभित्रमा आमा वा अभिभावकसँग कुनै पनि सञ्चार गर्न सकेनन भने अटिजमको शंकागर्न सकिन्छ । बालबालिकाले उमेर अनुसारको गतिविधि गरेका छैन वा असमान्य ब्यवहार देखाउँछन् भने अटिजम हुन सक्दछ। समयमै पहिचान गर्न सके त्यास्ता बालबालिकाको उचित व्यवस्थापन गर्न सकिन्छ।

**अटिजमको पहिचान कसरी गर्ने**

अटिजममा बाहिरबाट हेर्दा कुनै रोग देखिँदैन । सामाजिक रुपमा घुलमिल हुन नसक्ने, कसैसँग कुरा गर्न गाह्रो हुने। आँखा नजुधाउने, एक्लै बस्न मन पराउने, अरुलाई आफ्नो कुरा बुझाउन नसक्ने र आफूले पनि बुझ्न नसक्ने, एउटै कुरा दोहोऱ्याउने आदी हुन्छ । इन्द्रियहरुको उतारचढापका कारण अटिजम भएका बालबालिकाहरुले वातावरण ब्यक्ति र बस्तुप्रति अलग किसिमको प्रतिक्रिया देखाउँछन्। बालबालिका जन्मिएदेखि लगभग २ वर्षसम्म प्रष्ट रुपमा यसका लक्षण चिन्ह गाह्रो हुन्छ।

**अटिजम हुन नदिन के गर्ने**

गर्भधारणको समयदेखि जन्मअवस्थासम्म चिकित्सकको सिफारिसमा आवश्यक सप्लिमेन्ट फोलिक एसिडको सेवन गर्ने। आफ्नो बालबालिकालाई अधिकांश समय दिने । आफ्नो बालबालिकालाई रचनात्मक काममा क्रियाशिल गराउने । आफ्नो बच्चाको मानसिक क्षमताको बारेमा बुझ्न चिकित्सक वा विशेषज्ञको सल्लाह लिने। जति छिटो बच्चाको अवस्था थाहा हुन सक्यो त्यातिनै उनीहरुको संन्चारमा सहजता ल्याउन सकिन्छ। थेरापीको माध्यामबाट सहज तरिकाले सन्चार प्रक्रियाको लागि सक्रिय बनाउन सकिन्छ।

**यसको उपचार पद्धति**

यस रोगको उपचार भनेको थेरापी नै हो। समयमै रोग पहिचान थेरापी दिनुनै यसको महत्वपुर्ण उपचार हो । अटिजम भएका बालबालिकालाई सञ्चार गर्न, सामाजिक व्यवहार गर्न, विभिन्न थेरापी एवं खेलको माध्यम प्रयोग गर्न सकिन्छ। बालबालिकाका प्रमुख गुरु नै आमा बाबा तथा अभिभावक हुन्। अभिभावकले नै उनीहरुसँग सबैभन्दा बढी समय बिताउने भएकाले यस्तो समस्या भएका बालबालिकाका अभिभावकलाई नै बिहेवियर थेरापी तालिम दिनु पर्दछ । अभिभावकले नै घरमा बालबालिकालाई विभिन्न परिस्थितिमा वातावरण सुहाँउदा खेल खेलाउँदै थेरापी दिनु पर्दछ। अटिजम भएका बालबालिका हरुलाई बौद्धिक रुपमा ठिक ठाउँमा ल्याउन र आफूमा आत्मनिर्भर बनाउन थेरापीको विधिबाट अभिभावकको महत्वपूर्ण भूमिका रहन्छ। स्वास्थ्यखबरबाट

# संविधान संशोधनबारे नेताहरुको थरिथरि तर्क

बुटवल । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिस्ट आन्दोलनबाट नै संघीयता र गणतन्त्रलाई कमजोर पार्ने प्रयास भइरहेको बताएका छन् । पुष्पलालको जन्म शताब्दीको अवसरमा शनिबार आयोजित प्रवचन गोष्ठीलाई सम्बोधन गर्दै उनले संविधान सभाबाट संविधान बनिसकेपछि पनि यो संविधानका मूलभूत प्रस्तावनालाई बदल्न खोज्ने, समावेशितालाई समानुपातिकतालाई, संघीयतालाई र गणतन्त्रको प्रगतिशील पक्षलाई कमजोर पार्ने प्रवृत्ति कम्युनिस्ट आन्दोलनभित्र देखा परेको बताएका हुन् ।

संविधानलाई कुल्चिन चाहने, संसद्लाई अवैधानिक ढङ्गले विघटन गर्न चाहने प्रवृत्तिसँग पनि संघर्ष गरेको बताउँदै उनले संसद्को पहिलो र दोस्रो ठुलो दल मिल्नु स्वाभाविक मानिँदैन लोकतन्त्रमा त झन् मानिँदैन तर त्यो अभ्यास गर्न खोजिएको टिप्पणी गरे ।

दुई दलीय सिस्टममा लैजाने उद्देश्यका साथ संविधान संशोधनलाई अगाडि बढाउन यी दुई ठुला दल मिलेको अध्यक्ष प्रचण्डले दाबी गरे । तर संविधान संशोधनको नाममा प्रतिगमनतिर लगेर अधिकार र पहिचानलाई खोस्ने दुस्साहस हुँदैछ भनेर आफूहरूले त्यसको विरोध गरेको उनले प्रष्ट पारे । संविधान संशोधनको विरोधी आफूहरू नरहेको बताउँदै उनले संविधान सभाबाट बनेको संविधानले नेपालको सार्वभौमिकता, राष्ट्रियतालाई बाहेक अन्य सबै विषयलाई संशोधन गर्न मिल्ने व्यवस्था रहेको र अझै प्रगतिशील संविधान बनाउन यसलाई संशोधन गर्न सकिने बताए । सबै राष्ट्रवादी र देशभक्तहरूलाई एकै झन्डामुनि ल्याउने प्रयास भइरहेको बताउँदै उनले सच्चा कम्युनिस्टहरू त्यसमा पछाडि हट्न नहुने बताए ।

नेकपा (एकीकृत समाजवादी)का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले संविधान संशोधन गर्ने कांग्रेस-एमालेबीचको सहमति मान्य नहुने चेतावनी दिएका छन् । पुष्पलाल स्मृति प्रतिष्ठानले शनिबार काठमाडौँमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले सत्तारुढ दुई ठूला पार्टीले सत्ता स्वार्थका लागि गरिएको कुनै पनि सहमति सह्य नहुने बताए ।

उनले समानुपातिक प्रणालीलाई मास्ने गरी दुई ठूला दलबीच सहमति भएको भनिएको सुनिएको उल्लेख गर्दै यदि त्यो सही हो भने आफूहरुले मेचीदेखि महाकालीबाट संग्राम सुरु गर्ने चेतावनी दिए ।

खनालले संविधान संशोधनको विषयलाई ठूला राजनीतिक दलहरुले खेलाँचीको विषय बनाउन नहुने उल्लेख गरे। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले संविधान संशोधनको विषयमा बहस गर्न आवश्यक रहेको बताएका छन् । पुष्पलालको जन्म शताब्दीको अवसर आयोजित प्रवचन गोष्ठीमा आफ्नो धारणा राख्दै अध्यक्ष नेपालले संविधान संशोधन आवश्यक रहेको र त्यसका लागि व्यापक छलफल र बहस हुनुपर्ने कुरामा जोड दिए ।

अध्यक्ष नेपालले संविधान संशोधन नभई त्यसको नाममा अर्कै खेलोमेलो हुन लागेको आशङ्का समेत व्यक्त गरे । लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने कुनै प्रकारको षड्यन्त्र नहोस् भनी सचेत गराउँदै उनले नेपाली जनताले सुशासन र देशलाई समृद्ध बनाउन चाहेको र यसको लागि बहस हुनु आवश्यक रहेको बताए ।

नेपाली समाजको चरित्र अझै पनि अर्धसमान्तवादी रहेको बताउँदै नेपालले नेपाली समाजवादका बारेमा चर्चा गर्नु आवश्यक रहेको जनाए ।

अध्यक्ष नेपालले नेपालीपनको समाजवाद हुनुपर्नेमा जोड दिँदै त्यो व्यवहारिक हुनुपर्नेमा जोड दिए । यसका लागि व्यापक बहस र छलफलको आवश्यकता रहेको समेत उनले बताए । अध्यक्ष नेपालले पुष्पलालले जसरी कम्युनिस्ट पार्टीलाई अगाडी बढाउने सिद्धान्तलाई पछ्याउँदै जानुपर्ने समेत औंल्याए ।

पुष्पलालबाट आफूहरूले धेरै कुरा सिक्नुपर्ने रहेको बताउँदै उनले राजनीतिमा चुनौतीहरू आउने र त्यसको सामना गर्दै जानुपर्ने बताए । कम्युनिस्ट पार्टीमा नीति प्रधान हुने बताउँदै उनले सही नीति भयो भने भने सही लक्ष्य प्राप्त गर्न सकिने जनाए । अध्यक्ष नेपालले कम्युनिस्ट पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउनुपर्ने समेत बताए । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालले पनि समाजवाद र कम्युनिस्ट विचारलाई अँगालेका कारण कुरा मिलेको अध्यक्ष नेपालले जानकारी दिए ।

किनासको गुनासो :

## बाढीले धानबाली बगायो, दूध बिक्री भएन

तुलसीपुर । दाङ राप्ती गाउँपालिका-६ पत्थरगढवास्थित मनिराम चौधरीले वर्षातले धानबाली बगाएकामा चिन्ता व्यक्त गरे । स्थानीय खोलामा तटबन्ध नहुँदा यसरी बर्सेनि किसानले लगाएको धान बगाउने गरेको उनले गुनासो गरे । "किसानको सम्पत्ति भनेकै खेतीपाती हो, त्यही पनि भेलले बगाइदिन्छ", उनले भने-"यस्तो भएमा हामीले कसरी जीवन निर्वाह गर्न सक्छौँ ।" प्रत्येक वर्ष यसरी खेत बगाउने समस्या भएकाले तटबन्धको व्यवस्थापन गरिदिनुपर्ने उनको माग छ ।

त्यस्तै समशेर अलीले पनि आफूले दुई सय भैंसीपालन गरेको भए पनि उत्पादित दूधको बजारीकरण गर्न नसकिएको गुनासो गरे । यसमा स्थानीय सरकारले सहयोग गर्नुपर्ने माग उनले गरे । "मैले दुई सय भैंसीपालन गरेको छु", उनले भने-"हामीले उत्पादन गरेको दूध बजारीकरण हुन सकेको छैन, अनि कसरी किसानलाई फाइदा हुन्छ ।" अनुदानको व्यवस्थापन पनि हुनुपर्ने र किसानका लागि राज्यले उचित न्याय गर्नुपर्ने उनको माग छ ।

उत्पादनलाई नै पालिकाले प्राथमिकता राखेको राप्ति गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बताए । उनले राप्ती गाउँपालिकाको सबैभन्दा बढी कृषकहरु पत्थरगढवामा रहेको जनाउँदै सोही ठाउँमा विकासका लागि पहल गरिरहेको जनाए । उत्पादनलाई नै पालिकाले प्राथमिकता राखेको भन्दै तटबन्ध तथा कलभर्ट निर्माणको कार्यका लागि लागिरहेको उनले जानकारी दिए ।

उनले दूधलाई बजारीकरणका लागि पहल थाल्ने उनको भनाइ छ । कुलो मर्मत, तरकारी बजारीकरण, तटबन्ध निर्माणका कुरा माग भएको उनले बताए । त्यति मात्रै नभई समयमा मल, बीउको उपलब्धताका विषयमा पनि कुरा उठेको अध्यक्ष विष्टको भनाइ छ ।

## मानव कल्याण मित्रमञ्चको साधारणसभा



बुटवल । देश विदेशमा एक आपसमा आईपर्ने बिछोड, अलपत्र अहसाय बेखर्ची विपन्नताका कारण औषधि उपचारबाट वञ्चित, दैवी प्रकोप, बाढी पीडित र विपन्नताका कारण शिक्षाबाट वञ्चित रहेका र बेरोजगारहरुलाई मानवताको हिसाबले सहयोग गर्ने पवित्र उद्देश्यले स्थापना भएको मानव कल्याण मित्रमञ्च नेपालले शनिबार स्थापनाको ६औं वार्षिक साधारणसभा मनाएको छ ।

कार्यक्रममा बोल्नेहरुले मानव कल्याण मित्रमञ्चले गरेका कामले मानव जीवनमा यी र यस्ता कार्य नै मानव कल्याणका लागि निकै मर्म स्पशी रहेको बताएका छन् । कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिका २ का अध्यक्ष डिलबहादुर भट्टराई, ३ का अध्यक्ष कल्याण पौडेल, संस्थाका सल्लाहकार टेकबहादुर थापा, पार्वती केसी, अविनास आश्रमका अधयक्ष कृष्णप्रसाद ज्ञवाली, सामाजिक व्यक्तित्व पुरुषोतम बस्याल, गोविन्द्र पोखरेलले मानिस भएर गरिने हरेक प्रकारका मानवसेवाभन्दा बढी सामाजिक सेवाभावले मानव कल्याण मित्रमञ्चले गरेका कामको सबैले अनुसरण गर्नु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा संस्थाका प्रमुख संरक्षक पुरुषोत्तम भट्टराईले मानव कल्याण मित्रमञ्च अविरल बग्ने यज्ञ भएको भन्दै यो यज्ञलाई साथ दिनका लागि संस्थामा जोडिएको बताए । मानवसेवा गर्न यस संस्थामा जुट्न पाएकोमा निकै गौरभाविन्त हुँदै यस यज्ञलाई बिसाउन नमिल्ने गरी अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

साधारणसभामा प्रमुख अतिथि भएका तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले मानव कल्याण मित्रमञ्चले गरेका मानवीय कार्यले सरकार र अन्य सामाजिक संघ संस्थाहरुका लागि नविनतम दृष्टिकोण बन्नसक्छ भन्ने आफूलाई विश्वास रहेको औंल्याए । संसार भरी सबैभन्दा ठूलो कुरा मानवताको सेवा हो भन्दै प्रमुख खाँणले मानवताको सेवाभन्दा अरु कुनै सेवा माथि हुन नसक्ने धारणा राखेका थिए । उनले अरुको दुःखलाई बाँड्ने काम संस्थाले गरेकाले यसले आत्ममा खुशी प्राप्त हुने पनि बताए । संस्थाको भौतिक संरचना तयार गर्न र संस्थालाई दीगो रुपमा सञ्चालनका लागि सक्दो सहयोग गर्ने पनि प्रतिबद्धता उनले व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष दुर्गाप्रसाद अर्यालको अध्यक्षतामा भएको कार्यक्रमले अध्यक्षको वार्षिक प्रतिवेदन , कोषाध्यक्षको आर्थिक प्रतिवेदन र सचिवको सांगठनिक प्रतिवेदन पारित गर्दै साधारणसभा सम्पन्न भएको सचिव कविता पन्थीले बताइन ।

### मान्छेमाथि...

बेलमतीको टाउको, अनुहार र पिठ्यूमा दाग छ । एक पटक चितुवाको आक्रमणमा परिसकेकी बेलमतीलाई फेरि पनि आक्रमणमा परिने हो की भन्ने डर त्यत्तिकै छ । उनी भन्छिन्-'अनुहारमा, टाउँकोमा लागेको घाउ त निको भयो । मनमा लागेको घाउ आलै छ । अब त एक्लै जंगल जाने आटै आउँदैन् । साथीभाइसँग जाँदा पनि मुटुले ठाँउ छोड्छ ।'

माथि उल्लेखित प्रतिनिधि घटना मात्र हुन् । दाङ जिल्लाका विभिन्न क्षेत्रमा वनजंगल बाक्लिदै गएको छ । योसँगै वन्यजन्तुहरुको संख्या पनि बढ्दो छ । कुनै समय यहाँबाट हराइसकेका वन्यजन्तुहरु समेत बासस्थान सुरक्षित हुँदै गएपछि फेरि देखिन थालेका छन् । यसले गर्दा पछिल्ला वर्षहरुमा सर्वसाधारण वन्यजन्तुको आक्रमणमा पर्ने क्रम पनि बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा एक/एक वटा घटना भएका छन् । चालु आर्थिक वर्ष २०८०/०८१ मा मात्रै चारवटा घटना भएका छन् । विशेषगरी विपन्न र निम्न वर्गका समुदायका मानिस नै सबैभन्दा बढी आक्रमणमा पर्ने गरेका छन् । आक्रमण बढेसँगै उद्दार र उपचारमा पीडित परिवारले कठिनाइ व्यहोर्नु परेको छ । आर्थिक अभावले गर्दा ऋण लिएर समेत उपचार गर्नुपर्ने अवस्था देखिएको छ ।

दाङको जैविक मार्ग भएर वन्यजन्तुको ओहोरदोहोर बढेसँगै वन्यजन्तुको आक्रमणका घटना बढ्न थालेका छन् । वन क्षेत्रमा प्रवेश गर्दा होसियारी अपनाउन जरुरी हुँदाहुँदै पनि वन प्रवेश खुला हुँदा सर्वसाधारणहरु वन्यजन्तुको आक्रमणमा परेर घाइते हुने अवस्था छ । विगतको तुलनामा वन क्षेत्रको हैसियत बढेसँगै जंगली जनावरको उपस्थिति पनि वन क्षेत्रमा बढ्दै गएको छ ।

मानव र वन्यजन्तुबीचको द्वन्द्व कम वातावरणमैत्री व्यवहार अपनाउन जोड दिइएको छ । पश्चिममा बाँके राष्ट्रिय निकुञ्ज र दक्षिणमा भारतको सोहिलुवा वन्यजन्तु आरक्षणसँग जोडिएको छ, दाङको जैविक मार्ग । वन क्षेत्रमा भएको सुधारले वन्यजन्तु ओहोरदोहोर गर्न सजिलो मात्रै भएको छैन, संरक्षणबाट वनको हैसियत समेत बढेको छ । जैविक मार्ग भएर नेपालका संरक्षित वन्यजन्तुहरु पाटे बाघ, हुँडार, चौका, हात्तीलगायतका जनावर आवतजावत गरिरहेको पाइएको छ । बाघलगायतका वन्यजन्तुको संरक्षणको लागि चोरी सिकारी कार्यलाई निरुत्साहित गर्नुपर्ने चुनौती छ । वन्यजन्तुको ओहोरदोहोर बढ्दै गर्दा चोरी सिकारीको डर समेत बढेको छ । जिल्लाभित्र वन्यजुन्त हिंड्ने जैविक मार्ग भए पनि मानवीय गतिविधि र उपस्थितिका कारण वन्यजन्तु असुरक्षित रहेको संरक्षणकर्मी तथा वरिष्ठ फरेस्टर चिरञ्जिवी खनाल बताउँछन् । वन्यजन्तु र मानव हिंड्ने बाटो फरक-फरक बनाउन सकियो भने मानव र वन्यजन्तुको द्वन्द्व समेत घटाउन सकिने उनको भनाइ छ ।

'वन वन्यजन्तुको बासस्थान हो । अनि वन्यजन्तु हिंड्डुल गर्ने पनि जैविक मार्ग छ । त्यो मार्गमा मानिस पनि हिंड्न थालेपछि आक्रमणको घटना हुने गरेको देखिन्छ', उनले भने-'मान्छे र वन्यजतु हिंड्ने अलक अलग बाटो चाहिन्छ ।'

डिभिजन वन कार्यालय देउखुरीअन्तर्गत १४८ सामुदायिक वन समूह छन् । यी वन समूहले ५४ हजार चार सय ६० हेक्टर वन क्षेत्र ओगटेका छन् । राष्ट्रिय र सामुदायिक गरी एक लाख नौ हजार ६ सय ७२ हेक्टर वन क्षेत्र छ । यी वन क्षेत्रलाई वन्यजन्तुको बासस्थान र आवतजावत गर्ने जैविक मार्गको रुपमा विकास गर्दै लग्न ध्यान दिनुपर्ने भनाइ उनको छ । वन क्षेत्रमा चितुवा, भालु, हुँडार, वन कुकुर(ढाले), जयारो, चित्तल, राते(रतुवा), चौका, निलगाई, रटेल, दुम्सिलगायतका वन्यजन्तु देखिने गरेका छन् ।

पूर्वमा बागमती नदीदेखि पश्चिममा महाकाली नदीसम्मको नेपालको तराई भू-परिधि क्षेत्रभित्र छ वटा संरक्षित क्षेत्र र अन्य प्रमुख जैविक मार्गहरु छन् । तराईका पहिचान भएका जैविक मार्गभित्र दाङको लमही, बाँकेको महादेवपुरी, बर्दियाको खाता, कञ्चनपुरको मोहना-लालझाडी पर्दछन् । दाङको राप्ती गाउँपालिका र गढवा गाउँपालिका क्षेत्र जैविकमार्ग र बोटल नेक (साँघुरो घाँटी) क्षेत्रभित्र पर्दछ । यी जैविक मार्ग हुँदै वन्यजन्तु आवत जावत गर्ने क्रममा सवारी दुर्घटनामा परेर मृत्यु हुने, घाइते हुने अवस्था देखिएको छ भने वन प्रवेश गर्ने उपभोक्ताहरु पनि वन्यजन्तुको आक्रमणमा पर्न थालेका छन् ।जंगली जनावरहरु आहाराको खोजीमा र विचरण गर्ने क्रममा वनमा ओहोरदोहोर गर्ने समयमा मानिसको उपस्थिति हुँदा जंगली जनावरको आक्रमण हुने गरेको छ । त्यसैले जंगलभित्र जथाभावी प्रवेश नगर्न संरक्षणकर्मी तथा वरिष्ठ फरेस्टर खनाल बताउँछन् ।

'यो समय भनेको भालु आफ्ना बच्चासँग हुने बेला हो । आफ्ना सन्तानको सुरक्षामा चुनौती थपिएको ठानेर आक्रमण गरेको हुन सक्छ,'- खनालले भने-'सकभर जंगलभित्र प्रवेश नगरौं । अत्यावश्यक काम भएको खण्डमा सावधानी र चनाखो बनौं ।'

देउखुरीको वन क्षेत्रमा अहिलेको समयमा भालु आफ्ना बच्चाहरुसँग विचरण गरिरहेको खनालको भनाइ छ । 'एक्लै वन प्रवेश नगरौं, वन प्रवेश गर्दा सतर्क हुन सबैमा अनुरोध छ,' उनले भने-'देउखुरीको वन क्षेत्र भालु, चितुवा, पाटे बाघ, हुँडारलगायतका वन्यजन्तुको बासस्थान भएकाले सावधानी अपनाउँदा सम्भावित दुर्घटनाबाट बच्न सकिन्छ ।'

**दर्ता हुँदैनन् स-साना घटना**

डिभिजन वन कार्यालय देउखुरीले उपलब्ध गराएको विवरणअनुसार देउखुरी क्षेत्रमा चितुवाको आक्रमण धेरै देखिएको छ । सानातिना घटना वन कार्यालयसम्म आइपुग्दैनन् । अर्को कुरा उद्दार गरिएका वन्यजन्तुलाई राख्ने ठाउँ पनि छैन । अनि प्रभावकारी उपचार नहुँदा उद्दार गरिएको अवस्थामा वन्यजन्तुको मृत्यु समेत हुने गरेको छ ।

चितुवाको आक्रमणले गर्दा घरपालुवा जनावरको क्षति भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा लमही नगरपालिका-९ निवासी इन्द्रबहादुर चौधरीको बाख्रा र पाठा मरेका थिए ।

राहत समितिले दश हजार राहत उपलब्ध गराउने निर्णय गरेको थियो । आर्थिक वर्ष २०७९/०८० मा राप्ती गाउँपालिका-४ निवासी कमल गिरीले पालेका चारवटा खसी/बाख्रा मरेका थिए । राहत समितिले नियमअनुसार राहत उपलब्ध गराउने सिफारिस गरेको थियो । चालु आर्थिक वर्ष २०८०/०८१ मा लमही नगरपालिका-३ निवासी सुकराम कुमालले पालेका पाँचवटा बाख्रा मरे । राहत समितिले ४८ हजार छ सय रुपैयाँ उपलब्ध गराउने निर्णय गऱ्यो । यस्तै लमही नगरपालिका-१ निवासी बसन्तराज अधिकारीले पालेका १७ वटा बाख्रा चितुवाको आक्रणमा परेर मरेका थिए । जसवापत एक लाख ७० हजार रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरिएको थियो । गढवा गाउँपालिका-४ निवासी रामप्यारे यादवको मकैबालीमा क्षति भएवापत एक हजार छ सय २० रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरिएको थियो । यस्तै गढवा गाउँपालिका-५ निवासी छुकु चौधरीले पालेका पाँचवटा भेंडा मरेका थिए । राहत सिफारिस समितिले ६० हजार राहत उपलब्ध गराउने निर्णय गरेको थियो । यि निर्णयका आधारमा किसानलाई राहत उपलब्ध गराइएको छ ।

**उपचार खर्च पाउनै मुस्किल**

डिभिजन वन कार्यालयले उपचारको लागि पहल गरे पनि प्रक्रिया पूरा हुन समय लाग्ने गरेको छ । वन क्षेत्रभन्दा बाहिर जंगली जनावरले आक्रमण गरेको खण्डमा राहत उपलब्ध गराउन सक्ने व्यवस्था रहे पनि जंगल क्षेत्रको विषयमा सम्बोधन गर्न गाह्रो हुने देखिएको छ । यद्यपि कागजी प्रक्रिया पूरा भएको खण्डमा पीडितसँग प्रदेश सरकार कार्यक्रमबाट सम्बोधन गर्न सकिने भएकाले आवश्यक सिफारिस गरिने डिभिजन वन कार्यालय देउखुरीका प्रमुख राजु क्षेत्रीले बताए ।

'उपचार खर्च दिने कोष हामीसँग छैन । मन्त्रालयबाट निकासा गर्नुपर्ने भएकाले सिफारिस गरेर पठाउनुपर्ने हुन्छ,'- उनले भने-'हामी सँग कागज आइपुगेको छैन । आएको खण्डमा पहल लिन्छौं ।'

वन्यजन्तुको आक्रमणमा परेका सामान्य घाइतेको उपचारको लागि बढीमा २० हजार, गम्भीर घाइतेको हकमा दुई लाख रुपैयाँसम्म, अंगभंग भई जीवनभर गम्भीररुपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालाई जीविकोपार्जनका लागि एकमुष्ट पाँच लाख रुपैयाँसम्म, मृत्यु भएको हकमा नजिकको हकवालालाई राहत दश लाख रुपैयाँ उपलब्ध गराउने व्यवस्था छ । राहत वितरण प्रक्रिया सहज छैन । प्रदेश सरकार अन्तरगत वन निर्देशनालयमार्फत् राहत प्राप्त गर्न प्रक्रिया पूरा गर्न समस्या पर्छ । डिभिजन वन कार्यालयमार्फत् सिधैं वन्यजन्तुले हानी नोक्सानी गरेको क्षती तथा घाइते भएका व्यक्तिको उपचार र मृत्यु भएका व्यक्तिका परिवारका सदस्यलाई राहत उपलब्ध गराउने व्यवस्था मिलाउन माग राखिएको छ । '

क्षतीको आधारमा राहत वितरण गर्न एक त बजेटकै अभाव हुन्छ । त्यसमा पनि वन निर्देशनालय पुग्नुपर्दा समस्या छ,' डिभिजन वन कार्यालय देउखुरीका प्रमुख क्षेत्रीले विकल्प औंल्याउँदै भने-'राहत वितरणको काम डिभिजन वन कार्यालयमार्फत् गरिंदा सहज र छिटो हुने थियो ।'


**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

मिति: २०८१/०४/१२ को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४५,२००

तेजावी सुन प्रति तोला : १,४४,५००

चांदी प्रति तोला :१,७६०



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरून् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

**हार्दिक समवेदना**

जन्मः २००८/०५/१८



स्वर्गारोहणः २०८१/०४/०२

**स्व. विष्णु कुमारी न्यौपाने**

यस कार्यालयमा प्रशासन सेवा अधिकृत छैठौं तहमा कार्यरत श्री सीता न्यौपानेकी ममतामयी माता **विष्णु कुमारी न्यौपाने**को यहि मिति २०८१/०४/०२ गते भएको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । शोकको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी गहिरो समवेदना प्रकट गर्दछौं ।

**ई. प्रकाश अधिकारी**
कार्यालय प्रमुख
एवम्
**बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय परिवार**



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८०७७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# 'मन्त्री कुर्मीलाई पदबाट हटाऊ'



बुटवल । चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीले बाँकेकी निर्मला कुर्मीको अपहरण तथा बेपत्ता घटनाका आरोपी बादशाह कुर्मीलाई लुम्बिनी सरकारको मन्त्री बनाएकामा आपत्ति जनाएका छन् ।

कुर्मीलाई मन्त्री बनाएर आफूलाई लोकतान्त्रिक भन्ने पार्टी कांग्रेसले दण्डहीनतालाई अर्को उचाइमा पुऱ्याएको केसीले बताएका छन् । सरकारद्वारा गठित छानबिन समितिले कुर्मीलाई कारबाहीको सिफारिस गरेको थियो । केसीले शनिबार एक विज्ञप्ति जारी गरी बादशाह कुर्मीलाई प्रदेशको मन्त्रीबाट हटाएर उनीमाथि चलिरहेको छानबिन र अनुसन्धानलाई निष्पक्ष तथा तीव्र बनाउन लुम्बिनी सरकार र कांग्रेससँग माग गरेका छन् ।

उनले संक्रमणकालीन न्यायको प्रक्रिया टुंग्याउने क्रममा पीडितलाई न्यायबाट वञ्चित गर्ने तथा दुवै पक्षका अपराधीहरुलाई उन्मुक्ति दिने खतरा रहेको पनि बताएका छन् । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अघि बढाउँदा पीडितहरुका लागि पूर्ण न्याय र क्षतिपूर्ति सुनिश्चित गर्ने तथा जघन्य र मानवताविरोधी अपराधमा संलग्न जुनसुकै पक्षका दोषीहरुलाई कुनै पनि हालतमा उन्मुक्ति नदिइ दण्डित गर्ने व्यवस्था गर्न केसीले माग गरेका छन् ।

उनले बीएण्डसी मेडिकल कलेजसम्बन्धी मुद्दामा गम्भीर न्यायिक विचलनयुक्त फैसला दिएका भन्दै न्यायधीश डा. कुमार चुडालमाथि महाभियोग लगाउन पनि माग गरेका छन् ।

त्यस्तै पदाधिकारी नियुक्तिको मापदण्डका लागि ऐन बनाउने, एकीकृत प्रतिष्ठानसम्बन्धी ऐन जारी गर्ने, गेटालगायत सबै प्रदेशमा सरकारी कलेज वा प्रतिष्ठान पुऱ्याउनुपर्ने, इलाम, उदयपुर र डडेल्धुरामा मेडिकल कलेज खोल्ने र निःशुल्क औषधि उपचारको व्यवस्था गर्ने आफूसँग सरकारले विगतमा गरेका सहमति कार्यान्वयन गर्न पनि माग गरेका छन् । यी माग पूरा नभए जुनसुकै बेला अनशन बस्ने चेतावनी पनि दिएका छन् । यसअघि महिला अधिकार मञ्चले पनि कुर्मीलाई मन्त्री बनाएकामा आपत्ति जनाउँदै निलम्बन गर्न माग गरेको थियो ।

# मौद्रिक नीति निर्माण क्षेत्रमा कोसेढुङ्गा : व्यवसायी




बुटवल । नेपाल निर्माण उद्योग परिषद्‌ले राष्ट्र बैंकबाट जारी भएको मौद्रिक नीतिले निर्माण क्षेत्रमा कोसेढुङ्गा सावित हुने जनाएको छ। शनिबार पत्रकार सम्मेलन गर्दै उद्योग परिषद्‌ले सङ्कटग्रस्त रहेको निर्माण व्यवसाय पुन सुचारु हुनको लागि नीतिले कोसेढुङ्गा सावित हुने जनाएको हो ।

'निर्माण क्षेत्र विगत आवदेखि सम्पन्न गरी सकेका आयोजनाको भुक्तानी राज्यको तर्फबाट हुन नसकेको कारण बैंकबाट लिएका कर्जा एवं निर्माण उपकरण तथा निर्माण सामग्रीहरूको भुक्तानी आयोजनाबाट भुक्तानी भएपश्चात् सम्बन्धितले पाउने गरी दिएको चेक तथा जमानत जफत गरी कालो सूचीमा र प्रहरी धरपकड भइ गुज्रिरहेको निर्माण क्षेत्रलाई आर्थिक वर्ष २०८१/८२ को नेपाल राष्ट्र बैंकबाट जारी भएको मौद्रिक नीतिले सङ्कटग्रस्त रहेको निर्माण व्यवसाय पुनः सुचारु हुनको लागि यो मौद्रिक नीति कोसेढुङ्गा सावित हुने हाम्रो विश्वास छ ।'- नेपाल निर्माण उद्योग परिषद्‌ले प्रेस विज्ञप्ति लेख्दै भनेको छ ।

साथै उद्योग परिषद्‌ले मौद्रिक नीतिमार्फत् जारी भएका सबै व्यवस्थाहरूले निर्माण उद्योग क्षेत्र मात्र नभई समग्र वित्तीय क्षेत्रमा सङ्कट मुक्त हुनेसमेत आश्वासन लिएको जनाएको छ ।

'मौद्रिक नीतिमार्फत् जारी भएका यी सबै व्यवस्थाहरूले निर्माण उद्योग क्षेत्र मात्र नभएर समग्र वित्तीय क्षेत्र र आर्थिक क्षेत्र समेत सङ्कट मुक्त भइ व्यवसाय गर्ने वातावरण सहज हुन जाने हाम्रो बुझाई छ ।'- विज्ञप्तिमा भनिएको छ ।

यस्तै निर्माण उद्योग परिषद्‌ले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा गठित वर्तमान सरकारको निर्देशनमा नेपाल राष्ट्र बैंकले यो मौद्रिक नीति सार्वजनिक गरेर आफ्ना मागहरू सम्बोधन भएकोमा धन्यवाद व्यक्त गरेको छ ।

शाइन रेसुंगा बैंकको शाइन गो ग्रीन प्रोजेक्टः

# हरेक वर्ष एक हजार बिरुवा रोप्दै




बुटवल । जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरहरु न्यूनीकरण र वातावरण संरक्षणका लागि शाइन रेसुंगा डेभलपमेन्ट बैंकले 'शाइन गो ग्रीन' अभियानलाई केही वर्षयता निरन्तरता दिएको छ । बैंकको १४औं वार्षिकोत्सवको वर्ष १४ हजार बिरुवा रोपेर उदाहरण प्रस्तुत गरेको बैंकले त्यसयताका वर्षहरुमा हरेक वर्ष एक हजारका दरले बिरुवा रोप्दै वार्षिकोत्सव बराबर बिरुवाको संख्या पुऱ्याउँदै आएको छ ।

यो वर्ष पनि बैंकले भैरहवा क्लस्टरअन्तर्गत रहेको सूर्यपूरा शाखाको आयोजना तथा सातवटा शाखाको संयुक्त सहकार्यमा गैँडहवा गाउँपालिका वडा नं. ७ मा रहेको जनकल्याण माध्यमिक विद्यालय र तिलेश्वर्य प्राथमिक विद्यालयमा विभिन्न प्रजातिका सय वटाभन्दा बढी बोटबिरुवा रोपेको छ ।

उक्त कार्यक्रममा बैंकका मानव संशाधन हेड तथा ब्राण्ड स्ट्राटेजी अफिसर प्रभास राईले बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गर्ने सामाजिक काम र खर्चलाई विश्वकै चुनौती बनेको वातावरण संरक्षणमा लगानी गरिरहेको बताए ।

हरेक वर्ष एक हजारका दरले बिरुवा रोप्दै हालसम्म बैंकले १६ हजार बिरुवा वृक्षरोपण गरिसकेको र यो वर्ष थप एकहजार वृक्षरोपण गर्ने उनले जनाए ।

उनले रोपिएका बिरुवाको संरक्षणमा ध्यान दिन विद्यालयहरुलाई अनुरोध गरे । कार्यक्रममा शाइन रेसुङ्गा डेभलपमेण्ट बैङ्क भैरहवा क्लस्टर प्रमुख सतिशकुमार द्विवेदी, सूर्यपूरा शाखा प्रमुख दिनेश थारु, छपिया शाखा प्रमुख राजु शर्मा, तौलिहवा शाखा प्रमुख अब्दुल कादिर हलवाई र उक्त शाखाहरुका कर्मचारीहरु तथा विद्यालयकातर्फबाट विद्यालय प्रमुख सञ्जयकुमार यादव, हरिश कोहार, समाजसेवी सन्दिप गुप्तालगायत विद्यालयका शिक्षक शिक्षिका, स्थानीय अभिभावकहरुले समेत आ-आफ्ना धारणा राख्दै शाइन रेसुंगा बैंकको यो अभियान अरुले पनि अनुशरण गर्नुपर्ने धारणा राखेका थिए ।

# बुटवलमा संविधान संशोधन विषयक विचार गोष्ठी



बुटवल । उच्च अदालत बार एशोसियसन बुटवल, समृद्धि सरोकार केन्द्र र बुटवल मिडिया प्रकाशन प्रा.लि. बुटवलको संयुक्त आयोजनामा 'राजनीतिक स्थिरता र समृद्धिका लागि संविधान संशोधन' विषयक विचार गोष्ठी शनिबार बुटवलमा सम्पन्न भएको छ ।

उच्च बार बुटवलका अध्यक्ष अधिवक्ता गोविन्दप्रसाद मरासिनीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख वक्ताको रुपमा बोल्दै वरिष्ठ अधिवक्ता तेज प्रसाद कंडेलले राजनीतिक स्थिरता र समृद्धिका लागि संविधान, ऐन कानुनका साथै असल नियतको आवश्यकता पर्ने बताए ।

संविधानविद् एवं राजनीतिज्ञ कंडेलले संविधानमा उल्लेख भएका कुराहरुको सही कार्यान्वयन हुन नसक्दा एकपछि अर्को गरी मुलुकमा संकटको स्थिति उत्पन्न भएको चर्चा गर्दै समयको माग र आवश्यकताअनुसार संविधान संशोधन अपरिहार्य हुने बताए । अधिवक्ता महेन्द्र पाण्डेले संविधान जतिसुकै राम्रो भएपनि शासकहरुको नियत सफा नहुँदासम्म सुशासन र समृद्धि जहिले पनि संकटमा पर्ने जनाए ।

कार्यपत्र प्रस्तोता अधिवक्ता पदम कार्कीले सैद्धान्तिक, मूल्य, मान्यता तथा जनताको मागअनुसार समय-समयमा संविधान बन्ने र संशोधन हुने विश्वव्यापी प्रचलन रही आएको बताउँदै नेपालको संविधान संशोधन आवश्यक भएको बताए ।

कार्यक्रममा बोल्दै आयोजक संस्था बुटवल मिडिया प्रकाशन प्रा.लि.का कार्यकारी प्रमुख तथा प्रधान सम्पादक अधिवक्ता डा. बालकृष्ण चापागाईंले संविधान संशोधनको बहस प्रारम्भ भएको सन्दर्भमा किन र कसरी संशोधन ? भन्ने विषयमा गम्भीर बहसको खाँचो भएको औंल्याए ।

समृद्धि सरोकार केन्द्रका अध्यक्ष गणेश घिमिरेले राष्ट्रको आवश्यकता, जनअपेक्षा र संविधान कार्यान्वयनको दश वर्षे अभ्यासले संविधान संशोधन अपरिहार्य भएको बताए । बुद्धिजीवि तथा राजनीतिककर्मी बलबहादुर आचार्यले संविधान भनेको समाजलाई व्यवस्थित रुपमा सुसञ्चालन गर्ने दस्तावेज भएको बताउँदै जनअधिकार र भावनाको सही प्रतिनिधित्व गर्न नसके संविधानप्रति जनताको अपनत्व नरहने जनाए । त्यस्तैगरी राजनीतिककर्मी पुरुषोत्तम घिमिरेले सुशासनका लागि संविधानमा कठोर व्यवस्था आवश्यक भएको बताए ।

नेपाल उद्यान (पार्क) महासंघका अध्यक्ष खेमप्रसाद लुइँटेलले राजनीतिक नेतृत्वको अदुरदर्शी र अकर्मण्डेताले गर्दा जनतामा निराशा छाएको हुँदा संविधान संशोधनका साथै नेतृत्व पनि सच्चिनुपर्नेमा जोड दिए ।

अधिवक्ता यमलाल खनालले सुशासन र पारदर्शीताको अभावले मुलुक जर्जर बनिरहेको परिस्थितिमा संविधान संशोधनले सत्कर्ममा जोड दिनुपर्ने बताए। कार्यक्रममा लेखक तथा बुद्धिजीवि ऋषि आजाद र लिलाबल्लभ ढकालले जनअपेक्षा अनुसार संविधान संशोधन गर्नुपर्ने जनाए ।

कार्यक्रममा सामाजिक, राजनीतिक व्यक्तित्व तथा कलेजका कानून संकायका विद्यार्थीहरु गिरीराज शर्मा, माधवकुमार पौडेल, मुकुन्दराज पोखरेल, कृष्ण भुसाल 'दीप', मेघराजभट्टराई, अधिवक्ता यमुना गुरुङ, अधिवक्ता बाबुराम न्यौपाने, राजेन्द्र यादव, हिरा पौडेल, रिता घिमिरे, पुजन सुवेदी, मनिष योगी, सुशील भट्टराई, कृष्ण गाउँले, संगिता बस्नेत, अमर पाण्डे, नवीन खनाल, अनिसा क्षेत्री, सुशीला भण्डारी, ईसराफिल गदी, टोपजंग बुढाथोकी, असमी खड्का, गिरीराज रेग्मी, प्रइशा घिमिरे, क्षितिज पौडेल, लक्की शर्मा, दिवस पाण्डे, विशाल पाण्डे, निर्मल लालफुरिया, मनिषा जायसवाल, तारा पुन, आविस पौडेल, विक्रम ज्ञवाली, जायज रहमान, विकास मिश्रा, उमेश शाह, जितेन्द्र गुप्ता, श्यामु यादव, यमुना आचार्य, कोमल यादव, सोनु विश्वकर्मा, बोमबहादुर विक, मिना बुढा मगर, सन्दीप परियारलगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन समृद्धि सरोकार केन्द्रका सचिव अधिवक्ता दामोदर घिमिरेले गरेका थिए ।

HYDRABADI DUM BIRYANI
Quality Lassi Center

HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com